## छात्रबृत्ति शाखा

### पाकिस्तान सरकारबाट PTAP कार्यक्रम अन्तरगतको **D. Pharmacy** विषयको छात्रबृत्तिमा मनोनयनका लागि दरखास्त फाराम भर्ने बारे जरुरी सूचना ।

नेपाल सरकारलाइ शैक्षिक सत्र २०१७/२०१८ का लागि पाकिस्तान सरकारबाट Pakistan Technical Assistance Programme (PTAP) अन्तरगत प्राप्त छात्रबृत्ति सिट मध्ये **D. Pharmacy** विषयमा ८ सिट प्राप्त हुन आएकोले छात्रबृत्ति सम्बन्धी नियमावली २०६० (संसोधन सहित) बमोजिम साधारण तथा आरक्षण तर्फ सिट कायम गरीएकोले उक्त सिटहरुमा नियमानुसार मनोनयनका लागि तथा योग्यताक्रम कायम गर्न सम्बन्धीत संस्थाले तोकेको योग्यता पुरा गरेका र त्रि. वि. वि., चिकित्साशास्त्र अध्ययन संस्थान **(IoM),** महाराजगन्ज बाट **२०७४ साल असोज २८ र २९ गते** लिइएको प्रबेश परीक्षामध्ये B. Pharmacy विषयको प्रबेश परीक्षाको योग्यताक्रम सूचीमा (Merit List)मा रहेका इच्छुक उम्मेदवारहरुबाट मिति **२०७४ कार्तिक ६ गते देखि २०७४ कार्तिक १३ गते** सम्म कार्यालय समय भित्र यस शाखामा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि सूचना प्रकाशित गरिएको व्योहोरा जानकारी गराइन्छ । *यसै सूचनामा संलग्न दरखास्त फाराम डाउनलोड गरि भरेर बुझाउन सकिनेछ ।*

**क) <u>प्राप्त सिट संख्या र समूहगत कोटा विभाजन</u>**

| विषय | छात्रबृत्ति सम्बन्धी नियमावली २०६० (संसोधन सहित) बमोजिम समूहगत कोटा विभाजन | | | | | |
|---|---|---|---|---|---|---|
| | प्राप्त जम्मा सिट संख्या | साधारण तर्फको सिट संख्या | आरक्षण तर्फको सिट संख्या | | | |
| | | | मधेसी | महिला | जनजाती | दलित |
| **D. Pharmacy** | ८ | ४ | १ | १ | १ | १ |

**ख) <u>सम्बन्धित संस्थाले तोकेको न्युनतम योग्यता</u>**

| Discipline | Subjects | Score |
|---|---|---|
| **D. Pharmacy** | English Physics, Chemistry, and Biology | 1) At least 60% marks in HSSC or equivalent from Inter board Committee of Chairmen( IBCC) |

**ग) <u>सम्बन्धित संस्थाले तोकेको Condition for admission</u>**

a) Seats for foreign students are available in the institutions throughout Pakistan and the placement of students is done by EAD on the basis of merit, choice of students and the availability of slots. Moreover, institutions are not bound to entertain the students after expiry of their prescribed deadline.
b) The general eligibility /final selection of students will be made by the institutions concerned keeping in view their admission criteria.

c) Eligibility of students in terms of equivalence of certificates and grades will be determined by Inter Board Committee of Chairmen (IBCC), Islamabad. Concerned Embasisses/students are bound to submit their equivalence certificates issued by IBCC, Islamabad along with their application forms.
d) The Student admitted under PTAP will be required to pay the prescribed fee applicable under the program to the institution concerned. **Expenses on traveling, boarding and lodging etc. are also to be borne by students themselves.**
e) Migration from one institute to another shall be governed by the relevant policy of the institutions concerned.
f) Exemption from tuition fee and other dues will be dealt as per policy of the Institutions concerned.

**घ) <u>दरखास्तसाथ पेश गर्नुपर्ने आबश्यक कागजातहरु</u>**

❖ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी

❖ त्रि. वि. वि., चिकित्साशास्त्र अध्ययन संस्थान **(IoM),** महाराजगञ्ज बाट **२०७४ साल असोज २८ र २९ गते लिइएकोमध्ये** B. Pharmacy विषयको **प्रबेश परीक्षाको प्रबेश पत्रको फोटोकपी**

❖ राजस्व वापतको रकम रु १००० (रुपैया एक हजार) राष्ट्रिय वाणिज्य बैक ठमेल शाखा वा छात्रवृत्ति शाखा केशरमहल परिसरमा रहको बैक काउन्टरमा दाखिला गरी सोको भौचर

❖ साधारण समूह(General Group)**का लागि माथि तोकिएका कागजात र देहाय अनुसारका कागजात पेश गर्नु पर्नेछ ।**

(१) 10+2 वा सो सरह उतिर्ण गरेको शैक्षिक योग्यताको Transcript, Original/Provisional Certificateको प्रतिलिपी, नेपाल बाहिरको बोर्ड भए सम्बन्धित बोर्डबाट जारी गरिएको Marksheet का साथ Pass Certificate/degree awarded certificate/Provisional certificate/Migration Certificate र समकक्षता निर्धारण भएको प्रमाणपत्रको प्रतिलिपी,

(२) SLC को Mark sheet र Original Certificate को प्रतिलिपी,

(३)नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रमा नाम, थर, जन्ममिति फरक भएमा एउटै व्यक्ति भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र ।

❖ समुदायिक विद्यालय तर्फको आरक्षण समूह **(Community School Group)**: यस समूहमा आवेदन गरेका उम्मेदवारले माथि साधारण समूह(General Group) का लागि तोकिएको कागजातका साथै निम्न कागजातहरु समेतको सक्कल प्रति सहितको फोटोकपी पेश गर्नु पर्नेछ ।

(१)एस एल सी उत्तिर्ण गरेको विद्यालय सामुदायीक (सरकारी) हो भनी सम्बन्धित जिल्ला शिक्षा कार्यालयले प्रदान गरेको सिफारिस पत्र,

(२)सम्बन्धित गाउँ पालिका वा नगरपालिकाले विपन्नताको कारण खुलाई छात्रबृत्ति सम्बन्धि नियमावली २०६० को अनुसूचि १ (ख) अनुरुपको ढाँचामा मिति २०७४ आश्विन ६ गते पछि २०७४ आश्विन २७ सम्ममा जारी गरेको विपन्नताको सिफारिस पत्र,

(३)आफू सम्बन्धित समूदायको व्यक्ति भएको प्रमाणित हुने गरी देहायको निकायको सिफारिस पत्रः

- मधेशी : मधेशी समुदायको व्यक्ति भएको व्यहोरा उल्लेख भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको पत्र,
- महिलाः सम्बन्धित गा.पा.वा न.पा.बाट दिइएको विपन्नताको सिफारिस पत्र र सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट दिइएको सामुदायिक (सरकारी) विद्यालय सम्बन्धी पत्र,
- जनजातिः आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको पत्र वा जनजाति परिचय पत्र (आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट सूचिकृत जाति मात्र ),
- दलितः सम्बन्धित जिल्ला प्रशासन कार्यालयको पत्र वा राष्टि«य दलित आयोगको पत्र वा दलित परिचय पत्र (राष्ट्रिय दलित आयोगबाट सूचिकृत जाति मात्र),

❖ **अन्य विद्यालय तर्फको आरक्षण समूह (Other School Group)**ः यस समूहमा दरखास्त पेश गर्ने उम्मेदवारहरुले माथि साधारण समूह (General Group)का लागि तोकिएको कागजातहरुका साथै आफू सम्बन्धित समूदायको व्यक्ति भएको प्रमाणित हुने गरी माथि बुंदा नं ३ अनुसारको आफू सम्बन्धित सिफारिस पत्रको सक्कल तथा फोटोकपी पेश गर्नु पर्नेछ ।

***नोट :- दरखास्त फाराम छात्रबृत्ति शाखाबाट समेत प्राप्त हुनेछ र दरखास्त फाराम बुझाउदा पेश गर्नुपर्ने आबश्यक कागजातहरुको सक्कल प्रमाणपत्र देखाउनु पर्नेछ ।***